# संवत् २०८१ साल बैशाख ११ गते बसेको कार्यपालिकाको १६ औं बैठकका निर्णयहरु:

**बैठकका प्रस्तावहरू:**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।
२. एकीकृत सम्पत्ति कर संकलन तथा व्यवस्थापन कार्यविधि, २०८१ सम्बन्धमा।
३. योजना समिक्षा सम्बन्धमा।
४. विविध सम्बन्धमा।

**बैठकका निर्णयहरु:**

१. अघिल्लो कार्यपालिका बैठकमा गरिएका निर्णय उपर छलफल गरि समिक्षा गरियो।

२. एकीकृत सम्पत्ति कर संकलन तथा व्यवस्थापन कार्यविधि, २०८१ को मस्यौदा उपर छलफल गरी आगामी कार्यपालिका बैठकमा पारित गर्ने।

३. **योजना समीक्षा सम्बन्धमा:** आ.व. २०८०/०८१ को विनियोजित देहायका योजनाहरूको समीक्षा गरियो।

| क्र.स. | विवरण | योजना संख्या | सम्झौता भएको | भुक्तानी भएको | सम्झौता बाँकी |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका स्तरीय योजना | ३२ | २५ | ३ | ७ |
| २ | वडा नं १ का योजना | १० | ६ | १ | ५ |
| ३ | वडा नं २ का योजना | ९ | ९ | ३ | ० |
| ४ | वडा नं ३ का योजना | ९ | ९ | ९ | ० |
| ५ | वडा नं ४ का योजना | ८ | ३ | ३ | ५ |
| ६ | वडा नं ५ का योजना | ११ | ७ | १ | ४ |
| ७ | वडा नं ६ का योजना | ७ | ४ | ० | ३ |
| ८ | वडा नं ७ का योजना | १३ | ९ | १ | ४ |
| ९ | प्रदेश शसर्त तर्फ | ४ | ४ | ० | ० |
| १० | प्रदेश समपुरक तर्फ | ४ | ४ | ० | ० |
| ११ | संघीय समपुरक तर्फ | १ | १ | ० | ० |
| १२ | संघीय विशेष तर्फ | १५ | ८ | १ | ७ |
| कुल जम्मा | | १२३ | ८९ | २२ | ३५ |
| प्रतिशतमा | | १००% | ७२.३५% | १७.८८% | २८.४५% |

४. **विविध सम्बन्धमा:** देहायका विविध विषयहरूमा निर्णय गरियो।

(क) लुङ्ग्री गाउँपालिका वडा नं ३, धाराखर्क, जुतुङ्गखोलामा रहेको सामाजिक माध्यामिक विद्यालयको खेल मैदान निर्माणको लागि लुङ्ग्री ३ (साबिक सिर्प गाविस वडा नं ०३) जुतुङखोलामा बस्ने अमृत बहादुर खड्काको नाममा मालपोत कार्यालय, रोल्पामा दर्ता श्रेष्ता कायम रहेको कि. नं. ४२०, क्षेत्रफल ५३५ वर्ग मिटर, जग्गाको मूल्य रु. १,००,०००/- (अक्षेरेपि एक लाख रुपैयाँ मात्र) मा स्थानीय भद्र भलादमी, व्यापारी, बुद्धिजीवी तथा चन्दा दाताबाट खरिद गरी उपलब्ध गराएकाले उक्त जग्गा सामाजिक माध्यामिक विद्यालयको नाममा जग्गा प्राप्तिका लागि ३ नं. वडा कार्यालयका वडा सचिव श्री छायाँ कुमारी घर्तीलाई प्रतिनिधिको रूपमा खटाइ पठाउने।

(हस्ताक्षर) ... बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)

(हस्ताक्षर) भरत कुमार थापा
गा.पा.अध्यक्ष

(ख) लुङ्ग्री गाउँपालिकाको चालू आ.व. २०८०/०८१ को हालसम्मको आय-व्ययको समीक्षा गरियो।

(ग) विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी लुङ्ग्री गाउँपालिका, वडा नं १, रिरिप बस्तीमा मिति २०८१/०१/०८ गते शनिबार भएको आगलागीबाट पुर्ण रूपमा नष्ट भएका ८ घरको पुनः निर्माणका लागि प्रत्येक घरलाई रु ५०,०००/-(अक्षरेपि पचास हजार रुपैयाँ मात्र) को जस्तापाता उपलब्ध गराउने।

(घ) लुङ्ग्री गाउँपालिका, वडा नं १, रिरिप बस्तीमा मिति २०८१/०१/०८ गते आगलागीबाट भएको क्षतिग्रस्त ८ वटा घरको पुनः निर्माणमा सहयोग पुऱ्याउने हेतुले देहायका पदाधिकारिबाट निजहरूको २०८१ साल वैशाख महिनाको सेवा सुविधाबाट कट्टी हुने गरी एकमुस्ट रु १,००,०००/- (अक्षरेपि एक लाख रुपैयाँ मात्र) विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने।

देहायः

| क्र.स. | विवरण | जम्मा गर्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्षबाट | रु. ५,५००/- | |
| २ | गाउँपालिका उपाध्यक्षबाट | रु. ५,५००/- | |
| ३ | वडा अध्यक्षहरूबाट | रु. ४,०००/- | |
| ४ | कार्यपालिका सदस्यहरूबाट | रु. २,५००/- | |
| ५ | वडा सदस्यहरूबाट | रु. २,०००/- | |
| कुल जम्मा | | रु. १,००,०००/- | |

(ङ) लुङ्ग्री गाउँपालिकाको निर्माणाधिन प्रशासकीय भवनको क्षति हुनबाट बचाउन फिल्ड व्यवस्थापनका लागि प्राविधिक स्टिमेट गरी टेन्डर आह्वान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी तोक्ने।

(च) लुङ्ग्री गाउँपालिकामा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७६ को दफा ३ मा बमोजिम देहायका गाउँ विपद् व्यवस्थापन समिति गठन गरियो।

देहायः

| क्र.स. | नाम/थर | पद | प्रतिनिधित्व क्षेत्र |
|---|---|---|---|
| १ | श्री भरत कुमार थापा | संयोजक | गा.पा. अध्यक्ष |
| २ | श्री दिल कुमारी गुरुङ | सदस्य | गा.पा. उपाध्यक्ष |
| ३ | श्री जीत बहादुर परियार | सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| ४ | श्री अमृत घर्तीमगर | सदस्य | आर्थिक विकास समिति |
| ५ | श्री बिरबल खड्का | सदस्य | सामाजिक विकास समिति |
| ६ | श्री जोख बहादुर बुढाथोकी | सदस्य | पूर्वाधार विकास समिति |
| ७ | श्री नेम बहादुर खड्का | सदस्य | वातावरण तथा विपद् व्यवस्थापन समिति |
| ८ | श्री गणेश पुन | सदस्य | सार्वजनिक सेवा, सुशासन तथा क्षमता विकास समिति |
| ९ | श्री जनक खड्का | सदस्य | नेपाली काँग्रेस प्रतिनिधि |
| १० | श्री पर्शुराम घर्तीमगर | सदस्य | नेकपा एमाले प्रतिनिधि |
| ११ | श्री खिम बहादुर के.सी. | सदस्य | माओवादी केन्द्र प्रतिनिधि |

लुङ्ग्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बडाचौर, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल, स्था. २०७३

जीत बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)

भरत कुमार थापा
गा.पा. अध्यक्ष

| क.सं. | नाम/थर | पद | प्रतिनिधित्व क्षेत्र |
|---|---|---|---|
| १२ | श्री विर बहादुर बिष्ट | सदस्य | राप्रपा प्रतिनिधि |
| १३ | श्री अनराम पुन | सदस्य | राजमो प्रतिनिधि |
| १४ | श्री लेपेन्द्र बहादुर बुढाथोकी | सदस्य | स्वास्थ्य शाखा प्रमुख |
| १५ | श्री भुपेन्द्र कुमार पाण्डे | सदस्य | कृषि विकास शाखा प्रमुख |
| १६ | श्री सुन्दर बहादुर घर्ती | सदस्य | रोजगार संयोजक |
| १७ | ई कमलमान खड्का | सदस्य | प्राविधिक शाखा प्रमुख |
| १८ | श्री आदर्श के.सी. | सदस्य | योजना शाखा प्रमुख |
| १९ | श्री निमराज सुवेदी | सदस्य | आर्थिक प्रशासन शाखा प्रमुख |
| २० | श्री भेष बहादुर बिष्ट | सदस्य | शिक्षा शाखा प्रमुख |
| २१ | श्री गणेश बहादुर बिष्ट क्षेत्री | सदस्य | प्रशासन/जिन्सी शाखा प्रमुख |
| २२ | श्री हिमालय थापा | सदस्य | पञ्जीकरण शाखा प्रमुख |
| २३ | श्री निशा श्रेष्ठ | सदस्य | पशु विकास शाखा प्रमुख |
| २४ | श्री कल्पना सुवेदी | सदस्य | महिला विकास शाखा प्रमुख |
| २५ | श्री खगेश्वर श्रेष्ट | सदस्य | किलाचौर प्रहरी चौकी, असई |
| २६ | श्री डिल्लि भण्डारी | सदस्य | गुम्चाल प्रहरी चौकी, असई |
| २७ | श्री चित्रदेब पुरी | सदस्य | सिर्प प्रहरी चौकी, सि.हबल्दार |
| २८ | श्री युमती के.सी. | सदस्य | रेडक्रस सोसाइटी नेपाल, प्रतिनिधि |
| २९ | श्री परवीर खड्का | सदस्य | उद्योग वाणिज्य, प्रतिनिधि |
| ३० | श्री असिम घिमिरे | सदस्य सचिव | सुचना प्रविधि अधिकृत |

(क)१५ शैया आधारभूत अस्पतालको जग्गा प्राप्ति सम्बन्धमाः १५ शैयाको आधारभूत अस्पतालको जग्गा प्राप्तिको लागि सम्बत् २०८०/०८/१२ गतेको कार्यपालिका वैठकबाट गठित अस्पतालको जग्गा अध्ययन कार्यदलले सम्बत् २०८०/०८/२४ गते बसेको कार्यपालिका वैठक समक्ष पेश गरेको निर्णय तथा सिफारिस बमोजिमको प्रतिवेदनलाई अनुमोदन गर्ने ।

निर्णय प्रमाणित गरिएको छ।

जीत बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)

भरत कुमार थापा
गा.पा.अध्यक्ष

लुङग्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
रङाचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.२०७३